# खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

# उद्देश्य र कारण

खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रको एकताको प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा राष्ट्रिय स्तरमा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले, संघीय संसदले यो ऐन बनाएको छ ।

मा. जगत बहादुर सुनार (विश्वकर्मा)
मन्त्री
युवा तथा खेलकुद

**खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रत्यायोजित व्यवस्थापनसम्बन्धी टिप्पणी**

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाउने कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | ८ (ण) | नयाँ सृजना भएका काम, कर्तव्य र अधिकारलाई समेट्नु पर्ने भएकाले । | नियमावलीमा व्यवस्था गर्ने । | काम, कर्तव्य र अधिकार स्पष्ट हुने । |
| २ | ११ (द) | नयाँ सृजना भएका कार्यहरु गर्नु गराउनु पर्ने भएकाले । | नियमावलीमा व्यवस्था गर्नु उपयुक्त हुने । | काम, कर्तव्य र अधिकार स्पष्ट हुने । |
| ३ | १३(९) | सदस्य सचिवको पारिश्रमिक र सुविधा तथा सेवाका शर्तहरु कानून बमोजिम निर्धारण हुन आवश्यक भएकाले । | पारिश्रमिक र सुविधा र सेवाका शर्त सम्बन्धी विषय नियमावलीमा व्यवस्था गर्नु उपयुक्त हुने । | कानूनद्वारा सेवा शर्त र सुविधाका विषय तोकेमा पारदर्शिता कायम हुने । |
| ४ | १४(ज) | सदस्य सचिवले गर्ने अन्य कार्य कानून बमोजिम निर्धारण हुनुपर्ने । | नसमेटिएका विषयहरु विनियमावलीमा समावेश गर्नुपर्ने। | सदस्य सचिवको कार्यक्षेत्रको स्पष्टता कायम हुने । |
| ५ | १५ (२) | कर्मचारी सम्बन्धी विस्तृत व्यवस्था कानून बमोजिम निर्धारण हुनुपर्ने । | यस सम्बन्धी व्यवस्था विनियमावलीमा व्यवस्थामा गर्नुपर्ने । | ऐनको कार्यान्वयन गर्न सहज हुने । |
| ६ | १५ (६) | कर्मचारी संघ सम्बन्धी विस्तृत व्यवस्था कानूनद्वारा निर्धारण हुनुपर्ने | विनियमावलीमा विस्तृत व्यवस्था गरिनुपर्ने । | कर्मचारी संघ सञ्चालनमा सहजता कायम हुने । |
| ७ | १८(५) | खेलसंघका पदाधिकारी तथा सदस्यहरुको योग्यता लगायतका विस्तृत व्यवस्था कानूनद्वारा निर्धारण गरिनुपर्ने । | यस सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा गरिनु उपयुक्त हुने । | पारदर्शिता कायम हुने । |
| ८ | १९(२) | संघ दर्ताको लागि तोकिए बमोजिमको मापदण्ड र तोकिए बमोजिमको दस्तुर सम्बन्धी व्यवस्था गर्नु आवश्यक भएकाले । | विनियमावलीमा व्यवस्था गर्नु उपर्युक्त हुने । | तोकिएको मापदण्ड र बुझाउनुपर्ने दस्तुर बारे निश्चित हुने । |
| ९ | १९(५) | संघ दर्ता सम्बन्धी व्यवस्था कानूनद्वारा निर्धारण गरिनुपर्ने । | नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | कार्यविधि सरलता र सहज हुने । |

| | | | | |
|---|---|---|---|---|
| १० | १९(८) | संघ परिषद्‌मा दर्ता गराउने सम्बन्धी मापदण्ड कानून बमोजिम निर्धारण गर्नु पर्ने । | नियमावलीमा व्यवस्था गर्नु पर्ने । | कार्यविधिमा सरलता र पारदर्शिता कायम हुने । |
| ११ | १९(९) | खेलकुद संघहरु बीचको समन्वय र सञ्चालनलाई कानून बमोजिम व्यवस्थित गर्नु पर्ने । | नियमावलीमा व्यवस्थित गरिनुपर्ने । | कार्य सञ्चालन र समन्वयमा स्पष्टता भई कार्य सञ्चालन सहज हुने । |
| १२ | २३(२) | प्रतिबन्धित औषधि सेवन गर्ने खेलाडीलाई कानून बमोजिम निश्चित अवधिसम्म खेलकुद प्रतियोगितामा भाग लिन प्रतिबन्ध लगाउनु आवश्यक भएकाले । | नियमावलीमा व्यवस्था गरिनुपर्ने । | खेलकुद क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा कायम हुने । |
| १३ | २७(३) | ओलम्पिक कमिटी सम्बन्धी विस्तृत व्यवस्था कानूनद्वारा व्यवस्थित हुनुपर्ने। | नियमावलीमा व्यवस्था गरिनुपर्ने । | कार्य सञ्चालन प्रकृया सरल र सहज हुने । |
| १४ | ३१(२) | राष्ट्रियस्तरमा खेलकुद पूर्वाधार निर्माण, खेलकुदको प्रयोजन र प्रतियोगिता सञ्चालन गर्ने निजी क्षेत्र तथा अन्य वाणिज्य वा औद्योगिक प्रतिष्ठानहरुलाई कानून वमोजिम प्रोत्साहन दिनु आवश्यक भएकाले । | नियमावलीमा व्यवस्थित गर्नु पर्ने । | रोजगारीको अबसर सृजना भई खेलकुदतर्फ युवालाई आकर्षित गर्न सहयोग पुग्ने । |
| १५ | ३४(२) | राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको सम्बन्धमा विस्तृत व्यवस्था गर्न आवश्यक भएकाले। | नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | उक्त एजेन्सीको काम, कर्तव्य , अधिकार एवं कार्य सञ्चालन प्रकृयाको कारण कार्य सञ्चालन सहज सरल र पारदर्शी हुने । |
| १६ | ३८(१) | ठूला तथा राष्ट्रियस्तरका खेलकुद पूर्वाधारको निर्माण एवं मर्मत सम्भार गर्नको लागि त्यस्ता पूर्वाधारको क्षेत्र तोकिनुपर्ने । | नियमावलीमा तोकिनु उपयुक्त हुने। | पारदर्शिता कायम हुने । |
| १७ | ३८(६) | खेलकुद क्षेत्रमा हुने लगानीलाई कानूनद्वारा निर्धारण गरिनुपर्ने । | नियमावलीद्वारा व्यवस्थित गरिनुपर्ने । | खेलकुद क्षेत्रमा लगानी वृद्धि भई यस क्षेत्रको विकासमा टेवा पुग्ने । |

| | | | | |
|---|---|---|---|---|
| १८ | ३९(२) | खेलकुद क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय सहकार्य लगायतका विषयहरु कानूनद्वारा निर्धारण गरिनुपर्ने भएकाले । | खेलकुद क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको क्षेत्र तोकिने । | संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यमा सहजता आउने । |
| १९ | ४०(३) | खेलाडी कल्याणकारीकोष सम्बन्धी व्यवस्था कानूनद्वारा निर्धारण गर्नु आवश्यक भएकाले । | विनियमावलीमा समेटिनुपर्ने । | कोष व्यवस्थित भई कारोबार प्रकृया सञ्चालनमा सहजता हुने । |
| २० | ४४(२) | ऐन कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने । | ऐन कार्यान्वयनको लागि नियमावली बन्ने । | ऐन कार्यान्वयन गर्न सहज हुने । |
| २१ | ४५(१) | यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक विनियम बनाउन सक्ने । | ऐन वा नियममा नसमेटिएका विषय विनियममा समेटिनु पर्ने । | कार्य सञ्चालनमा सरलता र सहजता हुने । |

मा. जगत बहादुर सुनार (विश्वकर्मा)
मन्त्री
युवा तथा खेलकुद

## खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २ | परिभाषा | विधेयकमा प्रस्तुत भएका शब्दावलीहरुको परिभाषा गर्न आवश्यक भएको । |
| ३ | परिषद्को स्थापना | खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि राष्ट्रिय खेलकुद परिषद्को स्थापना गरिएको । |
| ४ | परिषद् स्वशासित र संगठित संस्था हुने | परिषद् एक स्वशासित र संगठित संस्था भएकोले आफ्नो नामबाट व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचविखन गर्न, वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्ने तर अचल सम्पत्ति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्दा नेपाल सरकारको स्वीकृति लिनु आवश्यक भएकाले । |
| ५ | संरक्षक | देशको कार्यकारी प्रमुखबाटै परिषद्को संरक्षकत्व प्रदान गरिनु आवश्यक देखी प्रधानमन्त्रीलाई परिषद्को संरक्षकमा राखिएको । |
| ६ | परिषद्को गठन | परिषद्को सर्वोच्च निकायको रुपमा नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा ४१ जनाको विभिन्न मन्त्रालयका सचिव एवं विभिन्न क्षेत्रबाट प्रतिनिधित्व रहने गरी परिषद्को गठन गर्न आवश्यक भएकोले। |
| ७ | मनोनीत सदस्यको पदावधि तथा पद रिक्त हुने अवस्था | मनोनीत सदस्यको पदावधि ४ वर्ष कायम गरिएको तर तोकिए बमोजिमको पदीय जिम्मेवारी पूरा नगरेमा सफाइ पेश गर्ने मौका दिई सेवाबाट हटाउने व्यवस्था गरिएको एवं भ्रष्टाचार गरेमा, पदबाट राजीनामा दिएमा गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोबासको अनुमति लिएमा र ६० वर्ष उमेर पूरा गरेमा मनोनीत सदस्यको पदावधि रिक्त हुने व्यवस्था गर्न उपयुक्त भएकाले। |
| ८ | परिषद्को काम, कर्तव्य र अधिकार | सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकारको बारेमा स्पष्ट व्यवस्था गर्न आवश्यक भएकाले । |
| ९ | परिषद्को बैठक | बैठक बस्ने अवधि, बैठक बस्ने कार्यविधि वैठकको जानकारी दिने विषयहरु समावेश गरिएको । |
| १० | समितिको गठन | परिषद्को कार्यकारी निकायको रुपमा परिषद्को सदस्य सचिवको संयोजकत्वमा ७ सदस्यीय एक समितिको गठन हुने व्यवस्था राखिएको। |
| ११ | समितिको काम, कर्तव्य र अधिकार | कार्यकारी समितिको काम, कर्तव्य र अधिकारको बारे व्यवस्था गरिएको । |
| १२ | समितिको बैठक र निर्णय | समितिको बैठक बस्ने अवधि, मिति, समय र बैठकमा छलफल हुने कार्यसूची र गणपूरक संख्या सम्बन्धी व्यवस्था गरिएको। |
| १३ | सदस्य सचिव सम्बन्धी व्यवस्था | परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्न सदस्य सचिवको व्यवस्था गरिएको, सदस्य सचिवको सिफारिस गर्ने सम्बन्धी प्रकृया, निजको कार्यकाल, पदबाट हटाउने सम्बन्धी व्यवस्था गरिएको। |

| | | |
|---|---|---|
| १४ | सदस्य सचिवको काम, कर्तव्य र अधिकार | सदस्य सचिवको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृत व्यवस्था गरिएको । |
| १५ | कर्मचारी सम्बन्धी व्यवस्था | परिषद्को संगठन संरचना, कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विषय तोकिए बमोजिम हुने, कर्मचारीहरुका लागि योगदानमा आधारित निवृत्तिभरण योजना र कर्मचारी संघ सम्बन्धी व्यवस्था समावेश गर्न आवश्यक भएको । |
| १६ | परिषद्को कोष | परिषद्मा प्राप्त हुने कोषको बारेमा विधेयकमा व्यवस्था गर्न आवश्यक भएकाले । |
| १७ | लेखा र लेखापरीक्षण | परिषद्ले आयव्ययलाई नियमित, मितव्ययी र प्रभावकारी रुपमा सञ्चालन गराउने र सोको सार्वजनिक उत्तरदायित्व बहन गराउनुका लागि लेखा राख्न र लेखापरीक्षण गराउनु आवश्यक भएकाले । |
| १८ | राष्ट्रिय, प्रदेश र स्थानीयस्तरका खेल संघको गठन गर्न सक्ने | राष्ट्रिय, प्रदेश र स्थानीयस्तरमा खेलकुद क्षेत्रको विकासको लागि खेलकुद संघको गठन गर्नुपर्ने भएकाले । |
| १९ | परिषद्मा दर्ता गर्नु पर्ने | राष्ट्रिय, प्रदेश र स्थानीय तहमा गठन भएका खेल संघहरुलाई नियमन गर्नको लागि परिषद्मा दर्ता गराउनु आवश्यक भएकाले । |
| २० | विवरण परिवर्तन गर्न स्वीकृति लिनु पर्ने | परिषद्को अनुमतिले मात्र विवरण परिवर्तन गर्न पाउने व्यवस्था गर्न आवश्यक भएकाले । |
| २१ | संघले पालना गर्नुपर्ने शर्त | खेलकुद संघहरुले कानूनले तोकिदिएका शर्तहरु पालना गराई कानूनको दायरा भित्र सबै संघहरुलाई ल्याउन आवश्यक भएकाले । |
| २२ | निलम्बन वा खारेजी | कुनै संघले कानून बमोजिम तोकिएका शर्तहरु पालना नगरेमा त्यस्तो संघलाई निलम्बन गर्न र गम्भीर प्रकृतिको कसुरमा संघको दर्ता खारेजी गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्नु पर्ने भएकाले । |
| २३ | प्रतिबन्धित औषधि सेवन गर्न नहुने | स्वस्थ प्रतिस्पर्धाका लागि अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त संस्थाद्वारा खेलाडीले प्रयोग गर्न नपाउने भनी प्रतिबन्ध लगाएको औषधि सेवन गर्न रोक्ने व्यवस्था राखिएको । |
| २४ | खेलमा मिलेमतो तथा अनियमितता गर्न नहुने | खेलकुदमा मिलेमतो गरी आफ्नो राष्ट्रको खेलकुदलाई हानिनोक्सानी पुऱ्याउने एवं अनियमिता गर्ने जस्ता कार्यहरुलाई निरुत्साहित गर्न आवश्यक देखिएकाले । |
| २५ | सजाय | ऐन विपरीतको कार्य गर्ने कसुरदारलाई सजायको भागी बनाउनको लागि सजाय सम्बन्धी व्यवस्था आवश्यक देखिएको । |
| २६ | नेपाल सरकार वादी हुने | यस सम्बन्धी कसुर गम्भीर प्रकृतिको कसुर भएकाले नेपाल सरकारलाई वादी कायम गरिनु आवश्यक देखिएको । |
| २७ | ओलम्पिक कमिटी | अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको बडापत्र, उद्देश्य तथा प्रचलित राष्ट्रिय कानून अनुरुप खेलकुद सम्बन्धी कार्य गर्न विभिन्न प्रकारका ओलम्पिक कमिटीहरुको व्यवस्था गर्न आवश्यक भएकाले । |
| २८ | प्रदेश तथा स्थानीय कानून बमोजिम हुने | प्रदेशस्तर र स्थानीयस्तरमा खेलकुदको सञ्चालक तथा व्यवस्थापन गर्न प्रदेश कानून एवं स्थानीय कानून व्यवस्था बमोजिम संरचना निर्माण एवं अन्य आवश्यक व्यवस्था गर्नु आवश्यक भएकाले । |
| २९ | राष्ट्रिय खेलको घोषणा | नेपालको राष्ट्रिय खेलको घोषणा गर्न आवश्यक भएकाले । |

| | | |
|---|---|---|
| ३० | मौलिक तथा परम्परागत खेलको घोषणा | नेपालको मौलिक तथा परम्परागत रुपमा खेल्दै आएका खेलहरुलाई संरक्षण र प्रवर्द्धन गर्नु आवश्यक व्यवस्था गर्न। |
| ३१ | प्रोत्साहन दिन सक्ने | खेलकुद पूर्वाधार निर्माण, खेलकुद प्रायोजन र प्रतियोगिता सञ्चालन गर्ने निजी क्षेत्र तथा अन्य संघ संस्था एवं खेलाडी तथा पूर्व खेलाडीहरुलाई रोजगारी दिने वाणिज्य तथा औद्योगिक प्रतिष्ठानहरु समेतलाई प्रोत्साहन दिनुपर्ने आवश्यकता महसुस भएकाले । |
| ३२ | निजी स्वार्थ भएको विषयमा भाग लिन नहुने | परिषद् सम्बद्ध पदाधिकारी वा सदस्य वा कर्मचारीहरुले निजी स्वार्थ भएको ठेक्कापट्टा लगायतका काममा संलग्न हुन नहुने व्यवस्था गर्नु आवश्यक भएकाले । |
| ३३ | उपसमिति वा कार्यदल गठन गर्न सक्ने | आफ्नो कार्य सम्पादनको लागि आवश्यक थप संरचना गठन गर्ने अधिकार प्रदान गरिनु आवश्यक देखिएकाले । |
| ३४ | राष्ट्रिय एन्टीडोपिङ एजेन्सी रहने | अन्तर्राष्ट्रिय मान्यता अनुरुप खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध एक छुट्टै संरचना खडा गर्नु आवश्यक देखिएकाले । |
| ३५ | नेपाल सरकारको स्वीकृति लिनु पर्ने | स्वदेशी खेल संघ वा प्रदेश र स्थानीय स्तरका संघसंस्थाले विदेशी मुलुक एवं संस्था र नागरिकसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिन आवश्यक पर्ने हुनाले । |
| ३६ | वार्षिक प्रतिवेदन | संघले आफ्नो प्रतिवेदन परिषद् समक्ष र परिषद्ले आफ्नो प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्ने व्यवस्था गर्न आवश्यक भएकाले । |
| ३७ | खेलकुद अनुशासित रुपमा सञ्चालन गर्नुपर्ने | अन्तर्राष्ट्रिय मापदण्ड, मूल्य मान्यता र राष्ट्रिय संस्कृति एवं राष्ट्रिय हितलाई मध्यनजर राखी खेलकुदलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कानूनी व्यवस्था गर्नु आवश्यक भएकाले । |
| ३८ | खेलकुद पूर्वाधार निर्माण | खेलकुद पूर्वाधार मन्त्रालय आफैले र परिषद् मार्फत् गराउने एवं खेलकुद क्षेत्रमा सार्वजनिक निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी तथा लगानी सम्बन्धी कानूनी व्यवस्था गर्न आवश्यक देखिएकाले । |
| ३९ | समन्वय र सहकार्य | खेलकुद पूर्वाधारहरुको विकास र व्यवस्थापन तथा प्रतियोगिता सञ्चालन एवं अन्य क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय सहकार्य लगायतका विषयहरुको बारेमा कानूनी व्यवस्था गर्नुपर्ने भएकाले । |
| ४० | खेलाडी कल्याणकारी कोष | खेलाडीहरुको हितमा प्रयोग गर्नको लागि एक अक्षयकोषको स्थापना गर्नु आवश्यक भएकाले । |
| ४१ | निर्देशन दिन सक्ने | मन्त्रालयले परिषद्लाई दिने निर्देशनका सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएकाले । |
| ४२ | अधिकार प्रत्यायोजन | ऐन अन्तर्गत बनेको नियम बमोजिम केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य सचिव वा समितिलाई प्रत्यायोजन गर्न कानूनी व्यवस्था गर्नुपर्ने भएकाले । |
| ४३ | नेपाल सरकारसँग सम्पर्क | परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्ने भएकाले । |
| ४४ | ऐन मार्ग निर्देशक हुने | खेलकुद सम्बन्धी नीति तर्जुमा नियमन र व्यवस्थापन गर्नको लागि मार्ग निर्देशक रुपमा व्यवस्था गर्नुपर्ने भएकाले । |
| ४५ | विनियम बनाउने अधिकार | यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक |

| | | |
|---|---|---|
| | | विनियम बनाउने अधिकार परिषद्लाई प्रदान गरिनुपर्ने भएकाले । |
| ४६ | निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्ने | मन्त्रालयको स्वीकृति लिएर ऐनको कार्यान्वयनको लागि नियम विनियमको अधीनमा रही निर्देशिका तथा कार्यविधि बनाउने अधिकार परिषद्लाई प्रदान गरिनु आवश्यक देखिएकाले । |
| ४७ | आचार संहिता बनाई लागू गर्ने | परिषद्ले खेल सम्बद्ध सबै पक्षको लागि आचार संहिता बनाई लागू गर्ने एवं सोको उल्लंघन गर्नेलाई दण्ड सजायको व्यवस्था गर्न आवश्यक भएकाले । |
| ४८ | खारेजी र बचाउ | खेलकुद विकास ऐन २०४८ खारेज गरिएको तर सो ऐन बमोजिम भए गरेका कामकारवाही यसै कानून बमोजिम हुने गरी बचाउको व्यवस्था गर्न आवश्यक देखिएकाले । |

मा. जगत बहादुर सुनार (विश्वकर्मा)
मन्त्री
युवा तथा खेलकुद

# आर्थिक टिप्पणी

राष्ट्रिय खेलकुद परिषद्को संघमा रहने संरचनाहरु विद्यमान संरचना र जनशक्तिबाट सञ्चालन हुनेछन् ।खेलकुद विकास ऐन २०४८ बमोजिम पाँच विकास क्षेत्र र जिल्लामा रहेका खेलकुद विकास समितिहरु प्रादेशिक निकायका रुपमा परिवर्तन गरिनेछ । यसरी थप हुने प्रदेश/जिल्लाका खेलकुदका संरचना एवं जनशक्ति समेत मौजुदा जनशक्तिबाटै व्यवस्थापन गरिने भएकाले उक्त कार्यका लागि हालकै राष्ट्रिय खेलकुद परिषद्को कार्य सञ्चालनका लागि सालबसाली रुपमा विनियोजन ऐन अनुसार विनियोजित रकमबाटै व्यवस्थापन हुने हुँदा प्रस्तावित विद्येयकबाट नेपाल सरकारलाई थप आर्थिक भार पर्ने देखिदैन।

प्रस्तुत विद्येयक पारित भएपछि राष्ट्रिय खेलकुद परिषद्ले आफ्नो उद्देश्य अनुरुप कार्य सम्पादन गर्दा आम जनताको शारीरिक सक्रियता वृद्धि भई स्वस्थ एवं अनुशासित नागरिक तयार हुने, खेलकुदका माध्यमबाट आम नागरिकको शैक्षिक स्तरमा अभिवृद्धि हुनेछ।साथै, यसबाट अन्तर्राष्ट्रिय जगतमा नेपालको मित्रता, पहिचान र गौरव वृद्धि भई राष्ट्रिय सम्मानमा अभिवृद्धि हुनेछ । त्यसैगरी नेपाल र नेपाली प्रति विश्व समुदायको ध्यान आकृष्ट गर्न सहयोग पुगी थप लगानी भित्रिने अवस्था सिर्जना हुने तथा पूर्वाधार निर्माण, पर्यटकीय एवं साहसिक खेलको विकास र व्यवस्थापनबाट प्रत्यक्ष रुपमा रोजगारीका अवसरहरु सिर्जना भई देशको कूल राष्ट्रिय आम्दानी एवं प्रतिव्यक्ति आयमा समेत वृद्धि भई "**समृद्ध नेपाल सुखी नेपालीको** " अभियानमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

मा. जगत बहादुर सुनार (विश्वकर्मा)
मन्त्री
युवा तथा खेलकुद

# खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रको एकताको प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा राष्ट्रिय स्तरमा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले, संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राष्ट्रिय खेलकुद विकास ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "संघ" भन्नाले दफा १९ बमोजिम परिषद्मा दर्ता भएको राष्ट्रिय खेल संघ सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "परिषद्" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा १० बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई समेत जनाउनेछ ।

(झ) "परिषद्" भन्नाले दफा ६ बमोजिमको परिषद् सम्झनु पर्छ ।

(ञ) "सदस्य सचिव" भन्नाले दफा १३ बमोजिमको सदस्यसचिव सम्झनु पर्छ ।

## परिच्छेद—२

## परिषद्को स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **परिषद्को स्थापना** : (१) खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि राष्ट्रिय खेलकुद परिषद्को स्थापना गरिएको छ ।

(२) परिषद्को केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. **परिषद् स्वशासित र संगठित संस्था हुने** : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

तर परिषद्ले अचल सम्पत्ति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) परिषद्ले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **संरक्षक** : (१) प्रधानमन्त्री परिषद्को संरक्षक हुनेछ ।

(२) संरक्षकले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

६. **परिषद्को गठन** :(१) परिषद्को सर्वोच्च निकायको रुपमा एक सञ्चालक परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :—

(क) नेपाल सरकारको युवा तथा खेलकुद मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट एक जना -उपाध्यक्ष

(ग) मन्त्रालयको सचिव -सदस्य

(घ) नेपाल सरकारको रक्षा मन्त्रालयको सचिव -सदस्य

(ङ) नेपाल सरकारको गृह मन्त्रालयको सचिव -सदस्य

(च) नेपाल सरकारको अर्थ मन्त्रालयको सचिव -सदस्य

(छ) नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव -सदस्य

(ज) नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव -सदस्य

(झ) नेपाल सरकारको सहरी विकास मन्त्रालयको सचिव -सदस्य

(ञ) नेपालका विश्वविद्यालयहरुमध्येबाट परिषद्ले सिफारिस गरेका विश्वविद्यालयका खेलकुद सम्बन्धी प्राध्यापकहरुमध्येबाट एक जना -सदस्य

(ट) मन्त्रालयको खेलकुद महाशाखाको सहसचिव -सदस्य

(ठ) प्रत्येक प्रदेशबाट एक जनाको दरले प्रदेश सरकारले बनाएका प्रदेश स्तरका खेलकुद विकाससँग सम्बन्धित संस्थागत संरचनाका प्रमुख र त्यस्तो संरचना बनी नसकेसम्मको लागि प्रदेशको खेलकुद विकाससँग सम्बन्धित मन्त्रालयका प्रतिनिधि सात जना -सदस्य

(ड) खेलकुदको विकासमा महत्वपूर्ण योगदान गरेका प्रतिष्ठित व्यक्तिहरुमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी सात जना -सदस्य

(ढ) खेलकुद विज्ञ, प्रशिक्षक, खेलकुद प्राविधिक, एन्टीडोपिङ विज्ञहरुमध्येबाट कम्तीमा दुई जना महिला सहित चार जना

(ण) नेपालका ख्याति प्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय पूर्व खेलाडीहरुमध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(त) पारा ओलम्पिक तथा स्पेसल ओलम्पिक खेल क्षेत्रको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(थ) संघको विधान बमोजिम निर्वाचित संघका पदाधिकारी वा सदस्यहरुमध्येबाट कम्तीमा दुई जना महिला सहित चार जना - सदस्य

(द) उद्योग वाणिज्य क्षेत्रको प्रतिनिधित्व गर्ने महासंघ वा संघहरुका अध्यक्षहरुमध्येबाट एक जना -सदस्य

(ध) परम्परागत, साहसिक तथा पर्यटकीय खेलक्षेत्रको प्रतिनिधित्व हुने गरी एक जना -सदस्य

(न) सदस्य सचिव -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ख), (ड) र (ढ) बमोजिमका सदस्यको मनोनयन नेपाल सरकारले र खण्ड (ञ), (ण), (त), (थ), (द) र (ध) बमोजिमका सदस्यको मनोनयन अध्यक्षले गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सदस्यको मनोनयन गर्दा भौगोलिक र सामाजिक रुपमा विभिन्न समुदायको प्रतिनिधित्वको समावेशी पक्षलाई ध्यान दिनुपर्नेछ ।

७. **मनोनीत सदस्यको पदावधि तथा पद रिक्त हुने अवस्था** : (१) दफा ६ को उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (२) बमोजिम मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, परिषद्को हित विपरीत कुनै काम गरेमा, सन्तोषजनक रुपले कार्य सम्पादन नगरेमा वा मन्त्रालयको निर्देशन पालना नगरेमा त्यस्तो सदस्यलाई मनोनयन गर्ने अधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि सम्बन्धित सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(३) देहायको अवस्थामा दफा ६ को उपदफा (२) बमोजिम मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछ :—

(क) भ्रष्टाचार गरेमा,

(ख) पदबाट राजीनामा दिएमा,

(ग) गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोवासको अनुमति लिएमा,

(घ) ६० वर्ष उमेर पूरा भएमा,

तर उपदफा (१) को खण्ड (ञ) र (द) बमोजिमको सदस्यको हकमा उमेर हद लागू हुने छैन ।

(ङ) मनोनयन वा निर्वाचनद्वारा नियुक्त हुने कुनै सार्वजनिक पदमा उम्मेदवारी दिएमा,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतद्वारा कसूरदार ठहरिएमा,

(छ) उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(ज) निजको मृत्यु भएमा ।

(४) दफा ६ को उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि पूरा नहुदै पद रिक्त भएमा बाँकी अवधिका लागि जुन प्रक्रियाद्वारा उक्त सदस्य मनोनयन भएको हो सोही प्रक्रियाबाट मनोनयन गरिनेछ ।

८. **परिषद्को काम, कर्तव्य र अधिकार** : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खेलकुदको विकासको लागि अवलम्बन गर्नु पर्ने संघीय नीति तथा रणनीतिको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीति तथा रणनीतिको अधीनमा रही खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) खेलकुदको सञ्चालन तथा विकासका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ङ) परिषद्को मानवस्रोत विकास एवं व्यवस्थापन योजना तथा संगठन संरचना स्वीकृत गर्ने,

(च) खेलकुदको लागि आवश्यक पर्ने स्रोतसाधन जुटाउने र परिचालन गर्ने,

(छ) नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताको आयोजना गर्ने, गराउने,

(ज) खेलकुद सम्बन्धी संस्था तथा खेलाडीलाई उपलब्ध गराइने आर्थिक तथा अन्य सहयोग र छात्रवृत्ति सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(झ) खेलकुद पूर्वाधार विकासको लागि सिफारिस गर्ने,

(ञ) नेपाल सरकारबाट स्वीकृत भए बमोजिम खेलकुद पूर्वाधारको व्यवस्थापन वा मर्मत सम्भार गर्ने, गराउने,

(ट) खेलकुद पूर्वाधार विकास गर्दा कायम गर्नु पर्ने न्यूनतम मापदण्ड निर्धारणको लागि सिफारिस गर्ने,

(ठ) खेलकुद पूर्वाधारको सम्बन्धमा निर्धारित मापदण्डको पालना भए नभएको तथा पूर्वाधार विकास कार्य निर्धारित समयमा भए नभएको अनुगमन गर्ने, गराउने,

(ड) अन्तर प्रदेश, प्रदेश तथा स्थानीय तहमा खेलकुदको सञ्चालन, विकास तथा पूर्वाधार विकासको लागि प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक सहयोग गर्ने तथा सुझाब दिने,

(ढ) खेलकुद क्षेत्रको विकासका लागि स्रोत परिचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ण) खेलकुद क्षेत्रको विकासको लागि तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

९. **परिषद्को बैठक** : (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले त्यसरी अनुरोध गरेको मितिले सात दिनभित्र परिषद्को बैठक बोलाउनु पर्नेछ ।

(४) सदस्य सचिवले अध्यक्षसँगको परामर्शमा परिषद्को बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना बैठक हुनुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सबै सदस्यलाई पठाउनु पर्नेछ ।

(५) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(७) परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) परिषद्ले कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गराई सदस्य सचिवले सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

(१०) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्य सचिव उपर छानबिन सम्बन्धी कारवाही चलिरहेको अवस्थामा परिषद्का उपाध्यक्ष वा अध्यक्षबाट तोकिएका सदस्यले सदस्य सचिवको हैसियतले परिषद्को बैठक सम्बन्धी कामकारवाही गर्न सक्नेछ ।

(१२) उपदफा (११) बमोजिम सदस्य सचिव उपर कारवाही गर्दा छानविन गर्नुपर्ने देखिएमा छानविन अवधिभर परिषदको सिफारिसमा निजलाई नेपाल सरकारले निलम्बन गर्न सक्नेछ।

## परिच्छेद—३

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१०. **समितिको गठन** : (१) परिषद्को कार्यकारी निकायको रुपमा काम गर्न परिषद्मा एक कार्यकारी समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :—

| | |
|---|---|
| (क) सदस्य सचिव | संयोजक |
| (ख) मन्त्रालयको खेलकुद महाशाखाको प्रमुख | - सदस्य |
| (ग) परिषद्का सदस्यहरुमध्येबाट कम्तीमा एकजना महिला सहित अध्यक्षले मनोनीत गरेका चार जना | - सदस्य |
| (घ) परिषद्को केन्द्रीय कार्यालयको प्रशासन महाशाखाको प्रमुख | - सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्य समितिको चारवटा बैठकमा लगातार अनुपस्थित रहेमा वा समितिको काममा समय दिन वा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेमा परिषद्को अध्यक्षले जुनसुकै बखत निजलाई समितिको सदस्यबाट हटाई परिषद्का अन्य सदस्यहरुमध्येबाट समितिको सदस्य मनोनीत गर्न सक्नेछ ।

**११. <u>समितिको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) परिषद्का निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिताका लागि आवश्यक काम गर्ने,

(घ) अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन प्रतिनिधि पठाउन मन्त्रालयमा सिफारिस गर्ने,

(ङ) परिषद्को कोष, खेलाडी कल्याणकारी कोष, चल, अचल सम्पत्तिको परिचालन, संरक्षण र रेखदेख गर्ने,

(च) खेलकुदको विकास, विस्तार र सञ्चालनमा विभिन्न निकायहरुबीच समन्वय गर्ने,

(छ) परिषद्बाट सञ्चालित खेलकुद गतिविधिको आवधिक रुपमा समीक्षा गर्ने,

(ज) परिषद्को स्वीकृत मापदण्डको अधीनमा रही खेलकुद सम्बन्धी संस्था वा खेलाडीलाई छात्रवृत्ति, आर्थिक वा अन्य सहयोग प्रदान गर्ने,

(झ) खेलकुद सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ञ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकबाट तालिम दिलाउने तथा उपयुक्त खेलाडीको छनौट गरी आवश्यकता अनुसार विदेशमा तालिम लिन पठाउने,

तर विदेशी प्रशिक्षक झिकाउँदा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीहरुलाई पुरस्कृत गर्ने तथा खेलाडीहरुको वृत्ति विकासको आवश्यक व्यवस्था मिलाउने,

(ठ) मनोरञ्जनात्मक, परम्परागत तथा साहसिक खेलकुदलाई खेलकुद पर्यटनको रुपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) खेलकुदमा निजी क्षेत्रको सहभागिता र लगानीका अवसरहरुमा बृद्धि गर्न प्रोत्साहन गर्ने,

(ढ) खेलकुद सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने, गराउने,

(ण) खेलकुदमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागितालाई प्रोत्साहन गर्न आवश्यक प्रशिक्षण दिने तथा उनीहरुबीचमा प्रतिस्पर्धा हुने गरी खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(त) पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता आयोजना सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गर्ने,

(थ) खेलकुदको विकास तथा विस्तारमा प्रदेशको खेलकुदसँग सम्बन्धित निकाय वा संस्थासँग समन्वय तथा सहकार्य गर्ने,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

१२. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य सचिवले संयोजकको परामर्शमा समितिको बैठक बस्ने मिति, समय र स्थान उल्लेख गरी बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–४

## सदस्य सचिव तथा कर्मचारी सम्बन्धी

१३. **सदस्य सचिव सम्बन्धी व्यवस्था** : (१) परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्न परिषद्मा एक जना सदस्य सचिव रहनेछ ।

(२) मन्त्रालयले सदस्य सचिवको पदमा नियुक्तिको लागि सिफारिस गर्न मन्त्रालयको सचिव र मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रका अन्य दुई जना विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण र खेलकुदको क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको वा खेलकुदको क्षेत्रमा राष्ट्रिय

पहिचान बनाएको नेपाली नागरिकहरुमध्येबाट सदस्य सचिवको नियुक्तिको लागि तीन जना उपयुक्त व्यक्तिको नाम नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिले नाम सिफारिस गर्दा अवलम्बन गर्ने प्रक्रिया तथा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले उपयुक्त ठानेको व्यक्तिलाई सदस्य सचिवको पदमा नियुक्ति गर्नेछ ।

(६) सदस्य सचिवको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा सदस्य सचिवलाई नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ :—

(क) परिषद्लाई हानी नोक्सानी हुने कुनै काम गरेमा,

(ख) प्रचलित नेपाल कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतद्वारा कसूरदार ठहरिएमा,

(ग) लेखा उत्तरदायी अधिकृतको रुपमा जिम्मेवारी पूरा नगरेमा,

(घ) परिषद्को निर्देशन पालना नगरेमा वा

(ङ) यस ऐन बमोजिम तोकिएको जिम्मेवारी पूरा नगरेमा,

(च) निजले इमान्दारीपूर्वक जिम्मेवारी बहन नगरेमा,

(छ) निजको कार्य सम्पादन सन्तोषजनक नरहेमा,

(ज) निजमा कार्यक्षमताको अभाव भएमा ।

(८) उपदफा (७) बमोजिम सदस्य सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(९) सदस्य सचिवको पारिश्रमिक र सुविधा तथा सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

१४. <u>**सदस्य सचिवको काम, कर्तव्य र अधिकार**</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—

(क) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी समितिबाट पारित गराई परिषद्को बैठकमा पेश गर्ने,

(ख) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(घ) परिषद्को कर्मचारी व्यवस्थापन तथा समग्र व्यवस्थापकीय र प्रशासकीय कार्य गर्ने गराउने,

(ङ) परिषद्को सार्वजनिक खरिद सम्बन्धी काम गर्ने,

(च) परिषद्को चलअचल सम्पत्तिको संरक्षण र उपयोग गर्ने,

(छ) लेखा उत्तरदायी अधिकृत भई कामकाज गर्ने, गराउने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१५. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) परिषद्को संगठन संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) परिषद्का कर्मचारीको नियुक्ति, योग्यता, पारिश्रमिक, सरुवा, बढुवा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) बमोजिम परिषद्मा कर्मचारी नियुक्त नभएसम्मको लागि नेपाल सरकारको कुनै कर्मचारीलाई परिषद्मा काम गर्ने गरी खटाउन सकिनेछ ।

(४) परिषद्बाट सम्पादन गर्नु पर्ने कुनै काम परिषद्को जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानून बमोजिम विज्ञ वा प्राविधिकको सेवा परामर्श लिन सकिनेछ ।

(५) परिषद्मा नियुक्त कर्मचारीहरुका लागि योगदानमा आधारित निवृत्तीभरण योजना लागू गर्न सकिनेछ ।

(६) परिषद्मा कार्यरत राजपत्रांकित तृतीय श्रेणी वा सो सरहसम्मका कर्मचारीहरुको एक कर्मचारी संघ रहनेछ । कर्मचारी संघ सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद–५

## परिषद्को कोष

१६. **परिषद्को कोषः** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) परिषद्ले प्रदान गर्ने खेलकुद सम्बन्धी प्रशिक्षणको शुल्क बापतको रकम,

(ग) कुनै व्यक्ति वा संघ, संस्थाबाट प्राप्त सहयोग रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(ङ) संघको दर्ता दस्तुर बापत प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम सञ्चालक परिषद्ले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(६) परिषद्को कोषको खाता सदस्य सचिव वा निजले तोकेको कर्मचारी र परिषद्को लेखा हेर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

१७. <u>लेखा र लेखापरीक्षण</u>: (१) परिषद्ले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) मन्त्रालयले परिषद्को आयव्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद—६

## <u>संघको दर्ता सम्बन्धी</u>

१८. <u>राष्ट्रिय, प्रदेश र स्थानीय स्तरका खेल संघको गठन गर्न सक्ने</u> : (१) यो ऐन प्रारम्भ भएपछि राष्ट्रिय, प्रदेश तथा स्थानीय तहका खेल संस्थाहरुले प्रचलित कानून बमोजिम राष्ट्रिय, प्रदेश र स्थानीयस्तरका खेल संघ गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम खेल संघ गठन गर्दा एक खेलको लागि एक भन्दा बढी संघ गठन गर्न सकिने छैन ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम खेल संघ गठन गर्नको लागि समूह खेलको संघ भएमा त्यस्तो खेलको एक समूहमा चाहिने खेलाडी संख्याको कम्तीमा दश गुणा र व्यक्तिगत खेलको संघ भए कम्तीमा बीस जना खेलाडी आबद्ध भएको हुनु पर्नेछ ।

(४) एउटै व्यक्ति लगातार दुई कार्यकाल भन्दा बढी अवधिको लागि खेल संघको अध्यक्ष, महासचिव वा सचिवको पदमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन । यस प्रयोजनका लागि यो ऐन लागू हुनुपूर्व निजहरुको कार्यकाल समेत गणना गरिनेछ । महासचिव वा सचिव भएको व्यक्ति अध्यक्षको पदमा निर्वाचित वा मनोनीत हुन बाधा पर्ने छैन ।

(५) एउटै व्यक्ति एकै पटक एकभन्दा बढी खेल संघको पदाधिकारी हुन सक्ने छैन । खेल संघका पदाधिकारी तथा सदस्यहरुको योग्यता लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) परिषद्का बहालवाला कर्मचारी तथा प्रशिक्षक खेल संघमा आबद्ध हुन पाइने छैन ।

(७) उपदफा (५) बमोजिम पदाधिकारी र उपदफा (६) बमोजिम कर्मचारी तथा प्रशिक्षक आबद्ध भएको प्रमाणित भएमा निजलाई समितिको सिफारिसमा मन्त्रालयबाट कारवाही गरी बर्खास्त गरिनेछ ।

(८) गैर नेपाली नागरिक वा राजस्व वा सार्वजनिक वा सरकारी सम्पत्ति हिनामिना गरेको व्यक्ति वा पेश्की वा बेरुजु फछ्र्यौट गर्न बाँकी रहेको व्यक्ति वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतद्धारा कसूरदार ठहरिएको व्यक्ति खेल संघमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन ।

१९. **परिषद्मा दर्ता गर्नु पर्ने** : (१) दफा १८ बमोजिम गठन भएको राष्ट्रिय खेल संघले राष्ट्रिय मान्यता पाउनको लागि त्यस्तो संघ परिषद्मा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संघ दर्ता गराउनको लागि तोकिए बमोजिमको मापदण्ड र विधानको ढाँचा अनुरुप विवरण संलग्न गरी दर्ताको लागि तोकिए बमोजिमको दस्तुर सहित परिषद्मा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिंदा संघले सम्बद्ध खेलसँग सम्बन्धित खेलको अन्तर्राष्ट्रिय खेल संघ वा महासंघ भएमा त्यस्तो संघमा आबद्धता लिएको हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम आवद्धता नलिएको संघ परिषद्मा दर्ता गरिने छैन र परिषद्मा दर्ता नभएको खेल संघको मान्यता स्थानीय खेल क्लब सरह हुनेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यस्तो संघ यस ऐन बमोजिम दर्ता गर्न मिल्ने देखिएमा समितिले सिफारिस सहित परिषद्को बैठकमा पेश गर्नेछ र परिषद्को बैठकको निर्णयबाट सो संघ दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

तर एक खेलको लागि एक भन्दा बढी तथा एकै उद्देश्यका वा समान नाम भएका एक भन्दा बढी संघ दर्ता गरिने छैन ।

(६) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा कुनै संघ दर्ता गर्न नमिल्ने देखिएमा समितिले सोको कारण सहित दर्ता गर्न नमिल्ने निर्णयको लागि परिषद्को बैठकमा पेश गर्नेछ र परिषद्बाट भएको निर्णयको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम संघ दर्ता गर्दा दुई वर्षको परीक्षणकालमा रहने गरी दर्ता गरिनेछ।

(८) संघ परिषद्मा दर्ता गराउनको लागि आवश्यक पर्ने न्यूनतम खेलाडी एवं प्रशिक्षक संख्या, प्रदेश तथा स्थानीय स्तरमा संघको विस्तारको अवस्था, भौतिक संरचना, संघको दर्ता, दर्ताको मान्य अवधि, नवीकरण तथा वर्गीकरण लगायतका पूर्वाधारहरुको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(९) राष्ट्रिय संघ, प्रदेश संघ र स्थानीय तहका संघहरुबीच यस ऐन तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचलित खेलकुदको सर्वमान्य सिद्धान्त अनुरुप समन्वय र संचालन गरिनेछ। यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **विवरण परिवर्तन गर्न स्वीकृति लिनु पर्ने** : (१) दफा १९ बमोजिम लिइएको दर्ताको प्रमाणपत्रमा उल्लिखित कुनै विवरण परिवर्तन गर्नु पर्ने भएमा संघले सो व्यहोरा उल्लेख गरी परिषद्मा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा दर्ताको प्रमाणपत्रमा उल्लिखित व्यहोरा संशोधन गर्न मनासिव देखिएमा परिषद्ले संशोधन गरी निवेदकलाई त्यसको जानकारी गराउनु पर्नेछ।

२१. **संघले पालना गर्नुपर्ने शर्त** : संघले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) परिषद्को सिफारिसमा मन्त्रालयको स्वीकृति लिएर मात्र नेपालमा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा खेलकुद सम्बन्धी अन्तर्राष्ट्रिय सभा वा सम्मेलन आयोजना गर्ने,

(ख) संघको विधानको अधीनमा रही खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) आफ्नो आम्दानी र खर्चको हिसाब किताब प्रचलित कानून बमोजिमको ढाँचामा राख्ने,

(घ) संघको वार्षिक आय व्ययको नियमित रुपमा लेखा परीक्षण गराउने र लेखापरिक्षण प्रतिवेदन सार्वजनिक गर्ने तथा सोको प्रतिलिपि सहित परिषद्लाई जानकारी गराउने,

(ङ) संघ आफैले वर्षमा कम्तीमा एउटा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गराउनु पर्ने,

(च) मन्त्रालय तथा परिषद्बाट लेखा तथा श्रेस्ताको जाँचबुझ गर्दा सो सम्बन्धी अभिलेख उपलव्ध गराउने,

(छ) संघको विधान बमोजिम संघका पदाधिकारीको आवधिक निर्वाचन गर्ने,

(ज) अन्तर्राष्ट्रिय संस्थाहरुबाट सहयोग प्राप्त गर्दा परिषद्को सिफारिसमा मन्त्रालय मार्फत् नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिने,

(झ) अन्तर्राष्ट्रियस्तरमा हुने खेलकुद प्रतियोगिता, सभा, सेमिनार, गोष्ठी वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउँदा कार्यकारी समितिको सिफारिसमा मन्त्रालयको स्वीकृति लिनु पर्ने,

(ञ) कुनै विदेशी संघसंस्थाहरुसँग समझदारी गर्दा परिषद् मार्फत् मन्त्रालयको सहमति लिनु पर्ने,

(ट) मन्त्रालय, परिषद् तथा समितिले समय समयमा दिएको निर्देशन वा निर्धारण गरेका शर्तको पालना गर्ने ।

२२. <u>निलम्बन वा खारेजी</u> : (१) कुनै संघले दफा २१ बमोजिमका शर्तको उल्लंघन गरेमा समितिले सम्बन्धित संघलाई अवधि तोकी त्यस्तो शर्तको पालना गर्न निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संघले निर्देशनको पालना नगरेमा त्यस्तो संघलाई समितिले छ महिनासम्मका लागि निलम्बन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गरी निलम्बन फुकुवा गर्न निवेदन दिएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो संघको निलम्बन फुकुवा गरिदिनेछ ।

(४) समितिले देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको संघको दर्ता खारेज गर्न सक्नेछः-

(क) उपदफा (२) बमोजिम कुनै संघ दुई पटक निलम्बनमा परेमा,

(ख) प्रचलित कानून बमोजिम कुनै संघको दर्ता खारेज भएमा, वा

(ग) कुनै संघले लगातार दुई आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन निर्धारित समयमा परिषद्मा पेश नगरेमा,

(घ) राजस्व, सरकारी सम्पत्ति वा बजेट हिनामिना गरेमा,

(ङ) प्रचलित कानूनको उल्लंघन गरेमा ।

(५) यस दफा बमोजिम कुनै संघलाई निलम्बन वा खारेज गर्ने निर्णय गर्नु अघि समितिले त्यस्तो संघलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद–७

## कसुर तथा सजाय

२३. **प्रतिबन्धित औषधि सेवन गर्न नहुने** : (१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने कुनै पनि खेलाडीले प्रतिबन्धित औषधि सेवन गर्नु हुँदैन ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "प्रतिबन्धित औषधि" भन्नाले अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त संस्थाद्वारा खेलाडीले प्रयोग गर्न नपाउने गरी प्रतिबन्ध लगाएको औषधि सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्धित औषधि कुनै खेलाडीले सेवन गरेको पाइएमा परिषद्ले निजले सेवन गरेको प्रतिबन्धित औषधिको मात्रा र प्रकृति अनुसार त्यस्तो खेलाडीलाई तोकिए बमोजिमको अवधिको लागि कुनै पनि खेलकुद प्रतियोगितामा भाग लिन नपाउने गरी रोक लगाई त्यसको जानकारी सम्बन्धित संघलाई दिनु पर्नेछ ।

२४. **खेलमा मिलोमतो तथा अनियमितता गर्न नहुने** : नेपाल भित्र वा नेपालको प्रतिनिधित्व गरी नेपालमा वा विदेशी मुलुकमा कुनै खेलाडीसँग प्रतिस्पर्धा गर्दा कुनै खेल सम्बद्ध खेलाडी वा पदाधिकारीले त्यस्तो खेलको प्रतिस्पर्धाबाट आउने स्वाभाविक परिणामलाई प्रतिकूल हुने गरी कुनै खेलाडी वा खेलाडीको समूहसँग मिलोमतो गर्न वा कसैको प्रलोभनमा पर्न वा कुनै बाजी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्न वा खेलाउने कार्य गर्न हुँदैन ।

२५. **सजाय** : (१) कसैले दफा २४ बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्ष कैद र तीस हजार रुपैयाँसम्म जरिवाना गरी सो कसूर गर्दा कुनै रकम लेनदेन गरेको भएमा त्यस्तो लेनदेन गरेको रकम समेत जफत हुनेछ ।

(२) दफा २४ बमोजिमको कसूर गर्न आदेश वा निर्देशन दिने, त्यस्तो कसुर गर्न दुरुत्साहन दिने, उक्साउने वा मद्दत गर्ने व्यक्तिलाई मुख्य कसूरदार सरह सजाय हुनेछ ।

(३) दफा २४ बमोजिमको कसूर सार्वजनिक पद धारण गरेको व्यक्ति वा नेपालको प्रतिनिधित्व गर्ने व्यक्तिले विदेशमा गरेको रहेछ भने निजलाई थप तीन वर्षसम्म कैद हुनेछ ।

२६. **नेपाल सरकार वादी हुने** : दफा २५ बमोजिम सजाय हुने मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची -१ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद–८

## विविध

२७. **ओलम्पिक कमिटी** : (१) अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको बडापत्र, उद्देश्य तथा प्रचलित राष्ट्रिय कानून अनुरुप खेलकुद सम्बन्धी कार्य गर्न नेपालमा एक ओलम्पिक कमिटी, एक पारा ओलम्पिक कमिटी र एक विशेष ओलम्पिक कमिटी रहनेछन् । त्यस्ता ओलम्पिक कमिटीहरु परिषद्मा दर्ता हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका ओलम्पिक कमिटीले दफा २१ बमोजिम संघले पालना गर्नु पर्ने शर्तहरुको पालना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका ओलम्पिक कमिटीहरु सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **प्रदेश तथा स्थानीय कानुन बमोजिम हुने** : (१) प्रदेश सरकारले प्रदेश स्तरमा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश कानूनमा व्यवस्था भए बमोजिमको संरचना निर्माण गर्न सक्नेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी प्रदेश सरकारले प्रदेश स्तरमा विभिन्न खेल सम्बन्धी संघ गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम खेल सम्बन्धी संघ गठन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) प्रदेश सरकारले स्थानीय तहको खेलकुदलाई व्यवस्थित तथा समन्वय गरी जिल्ला स्तरमा खेलकुदको सञ्चालन तथा विकास गर्न प्रत्येक जिल्लामा जिल्ला खेलकुद विकास समितिको गठन गर्न सक्नेछ ।

(५) स्थानीय तहले स्थानीय तहमा हुने खेलकुदको सञ्चालन, प्रवर्द्धन तथा विकास सम्बन्धी कार्य गर्न स्थानीय कानुनमा व्यवस्था भए बमोजिमको संरचना निर्माण गर्न सक्नेछ ।

(६) स्थानीय तहमा खेलकुद गतिविधि सञ्चालन तथा खेलकुद सम्बन्धी संघहरुको गठन यस ऐनको प्रतिकुल नहुने गरी स्थानीय तहले बनाएको कानुन अनुसार हुनेछ ।

(७) स्थानीय तहले उपदफा (६) अनुसारको कानुन बनाउँदा एक हजार जना वा सोभन्दा बढी विद्यार्थी हुने विद्यालयले न्यूनतम् एकजना खेलकुद प्रशिक्षक राख्नुपर्ने व्यवस्था गर्नु पर्नेछ ।

(८) स्थानीय तह, प्रदेश र राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताहरु आयोजना हुँदा आपसमा समन्वय गरी प्रतिभाशाली खेलाडीको छनौट र कीर्तिमान कायम गर्ने अवसर सबैलाई हुने गरी खेलकुदका राष्ट्रिय, अन्तर्राष्ट्रिय मूल्य मान्यता र विधि प्रकृया अनुरुप संचालन गरिनेछ ।

२९. **राष्ट्रिय खेलको घोषणा** : नेपाल सरकारले परिषद्को सिफारिसमा कुनै एक खेललाई नेपालको राष्ट्रिय खेलको रुपमा घोषणा गर्न सक्नेछ ।

३०. **मौलिक तथा परम्परागत खेलको घोषणा** : मन्त्रालयले परिषद्को सिफारिसमा नेपालमा मौलिक तथा परम्परागत रुपमा खेलिने खेलहरुलाई नेपालको मौलिक तथा परम्परागत खेल घोषणा गर्न सक्नेछ ।

३१. **प्रोत्साहन दिन सक्ने** : (१) राष्ट्रियस्तरमा खेलकुद पूर्वाधार निर्माण, खेलकुदको प्रायोजन र प्रतियोगिता सञ्चालन गर्ने निजी क्षेत्र तथा अन्य संघ संस्थाहरुलाई नेपाल सरकारले प्रोत्साहन दिन सक्नेछ ।

(२) कम्तीमा बीस जना खेलाडी वा पूर्व खेलाडीलाई रोजगारी दिने संघ संस्था, बाणिज्य वा औद्योगिक प्रतिष्ठानहरुलाई तोकिए बमोजिम प्रोत्साहन दिन सकिनेछ ।

(३) प्रदेश स्तरमा खेलकुद पूर्वाधार निर्माण, खेलकुदको प्रायोजन र प्रतियोगिता सञ्चालन गर्ने निजी क्षेत्र तथा अन्य संघ संस्थाहरुलाई प्रदेश सरकारले प्रोत्साहन दिन सक्नेछ ।

(४) स्थानीय तहले खेलकुद पूर्वाधार निर्माण र प्रतियोगिता संचालनमा योगदान गर्ने निजी क्षेत्र तथा अन्य संघ संस्थालाई प्रोत्साहन दिन सक्नेछ ।

३२. **निजी स्वार्थ भएको विषयमा भाग लिन नहुने** : परिषद् र समितिका पदाधिकारी, सदस्य वा परिषद्का कर्मचारीहरुले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कारबाहीमा भाग लिनु हुँदैन।

३३. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : (१) परिषद् वा समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्याविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद् वा समितिले तोके बमोजिम हुनेछ।

३४. **राष्ट्रिय एन्टीडोपिङ एजेन्सी रहने** : (१) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध कार्य गर्न एक राष्ट्रिय एन्टीडोपिङ एजेन्सी रहनेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय एन्टीडोपिङ एजेन्सी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **नेपाल सरकारको स्वीकृति लिनु पर्ने** : (१) परिषद्ले विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा मन्त्रालय मार्फत् नेपाल सरकारको सहमति लिनु पर्नेछ ।

(२) राष्ट्रिय खेल संघ वा प्रदेश र स्थानीयस्तरका खेल सम्बन्धी संस्था वा निकाय तथा संघले विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा परिषद् मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

३६. **वार्षिक प्रतिवेदन** : (१) संघले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम, कारबाही तथा आय व्ययको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र परिषद्मा पेश गर्नु पर्नेछ ।

(२) परिषद्‌ले प्रत्येक वर्षको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद्‌ले वर्ष भरिमा सम्पादन गरेका कामहरु, तिनको उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्‌को कोष तथा स्रोत साधनको अवस्था, खेलकुदको क्षेत्रमा देखिएका समस्या र सोको समाधानका उपाय तथा प्रत्येक संघले गरेका मुख्य मुख्य काम कारबाही, आय र व्ययको संक्षिप्त विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको परिषद्‌को वार्षिक प्रतिवेदन अध्यक्षले संरक्षक समक्ष पेश गर्नेछ।

(५) संघ तथा परिषद्‌ले उपदफा (१) वा (२) बमोजिम पेश गरेको प्रतिवेदन मन्त्रालयले उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

३७. **खेलकुद अनुशासित रुपमा सञ्चालन गर्नुपर्ने** : खेलकुद क्षेत्र निष्पक्ष, तटस्थ, राष्ट्रिय एकता एवं गौरवको क्षेत्र हुनेछ । यसको सञ्चालन तथा व्यवस्थापन गर्दा अन्तर्राष्ट्रिय मापदण्ड, मूल्य मान्यता र राष्ट्रिय संस्कृति एवं राष्ट्रिय हितलाई मध्यनजरमा राखी अनुशासित रुपमा सञ्चालन गर्नु, गराउनु पर्नेछ ।

३८. **खेलकुद पूर्वाधार निर्माण** : (१) तोकिए बमोजिमका ठूला तथा राष्ट्रिय स्तरका खेलकुद पूर्वाधारको निर्माण एवं मर्मत सम्भार मन्त्रालय आफैंले गर्न वा परिषद्‌ मार्फत्‌ गराउन सक्नेछ ।

(२) प्रदेश स्तरीय पूर्वाधारहरुको निर्माण प्रदेशबाट र स्थानीय स्तरका पूर्वाधारहरुको निर्माण स्थानीय तहबाट गरिनेछ ।

(३) खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता संचालन गर्न आवश्यकता अनुसार निजी क्षेत्र र गैरसरकारी संघसंस्थासँग साझेदारी गर्न सकिनेछ ।

(४) खेलकुद पूर्वाधार निर्माण विकास तथा प्रतियोगिता संचालन गर्न प्रचलित कानून बमोजिम अन्तर्राष्ट्रिय लगानीलाई अनुमति एवं प्रोत्साहन दिन सकिनेछ ।

(५) निजी क्षेत्र वा गैरसरकारी संघसंस्थाले निर्माण तथा सञ्चालन गर्ने पूर्वाधारहरुको मापदण्ड परिषद्‌को सिफारिसमा मन्त्रालयले तोक्न सक्नेछ ।

(६) खेलकुद क्षेत्रमा सार्वजनिक निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी तथा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **समन्वय र सहकार्य** : (१) खेलकुद पूर्वाधारहरुको विकास र व्यवस्थापन तथा प्रतियोगिता संचालनमा संघ, प्रदेश र स्थानीय तहबीच आपसमा सहकार्य र समन्वय गर्नु पर्नेछ । अन्तर्राष्ट्रिय र राष्ट्रिय खेलकुद प्रतियोगिता संचालन हुँदा सबै तहले प्राथमिकता दिनु पर्नेछ ।

(२) खेलकुद क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहवीच समन्वय, सहकार्य लगायतका अन्य विषय तोकिए बमोजिम हुनेछ ।

४०. **खेलाडी कल्याणकारी कोष** : (१) खेलाडी तथा प्रशिक्षकहरुको सामाजिक सुरक्षा विमा आकस्मिक उद्धार, उपचार एवं पुनःस्थापनाका लागि परिषद्‌मा खेलाडी कल्याणकारी कोषको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष अक्षय कोषका रुपमा रहनेछ ।

(३) उपदफा (१) बमोजिमको कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले खेलकुदको विकास र सुधारको विषयमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

४२. **अधिकार प्रत्यायोजन** : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य सचिव वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, कुनै सदस्य वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) सदस्य सचिवले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४३. **नेपाल सरकारसँग सम्पर्क** : परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नुपर्नेछ ।

४४. **ऐन मार्ग निर्देशक हुने** : (१) नेपाल राष्ट्र भित्र खेलकुद सम्बन्धी नीति तर्जुमा, नियमन र व्यवस्थापन गर्न ऐन मार्ग निर्देशक हुनेछ । प्रदेश स्तर र स्थानीय स्तरमा खेलकुद सम्बन्धी ऐन बनाउँदा यस ऐनको प्रतिकूल नहुने गरी बनाउनु पर्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

४५. **विनियम बनाउने अधिकार** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम बनाउँदा परिषद्ले मन्त्रालय मार्फत् नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद्ले बनाएको विनियम आफ्नो वेभसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

४६. **निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्ने** : (१) यस ऐनको कार्यान्वयनको लागि ऐन, ऐन अन्तरगत बन्ने नियम तथा विनियमावलीको अधीनमा रही परिषद्ले आवश्यकता अनुसार निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका तथा कार्यविधि बनाउँदा परिषद्ले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

४७. **आचार संहिता बनाई लागू गर्ने** : (१) परिषद्ले परिषद्, समिति, संघ, संघका पदाधिकारी तथा परिषद्का कर्मचारी, खेलाडी, प्रशिक्षक, खेल व्यवस्थापक, रेफ्री तथा खेल आयोजकले पालना गर्नु विषयका सम्बन्धमा आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचारसंहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) आचार संहिता उल्लंघन गर्ने पदाधिकारी, प्रशिक्षक, रेफ्री र खेलाडीलाई परिषद्को सिफारिसमा मन्त्रालयबाट एक देखि तीन वर्ष सम्म निलम्बन गरी कानुन बमोजिम कारवाही गरिनेछ । परिषद्का प्रशिक्षक र कर्मचारीको हकमा निलम्बन गरी कानुन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (३) बमोजिम निलम्बन गरी कारवाही वा सजाय गर्नु अघि निजहरुलाई सफाइको मौका दिनुपर्नेछ ।

४८. **खारेजी र बचाउ** : (१) खेलकुद विकास ऐन, २०४८ खारेज गरिएको छ ।

(२) खेलकुद विकास ऐन, २०४८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) खेलकुद विकास ऐन, २०४८ बमोजिम गठन भएको परिषद् तथा क्षेत्रीय र जिल्ला खेलकुद विकास समितिका पदाधिकारी र सदस्यहरुको कार्यकाल यो ऐन प्रारम्भ भएको आर्थिक वर्षको अन्त्यसम्म मात्र रहनेछ ।

(४) खेलकुद विकास ऐन, २०४८ बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषद्को चल-अचल सम्पत्ति तथा दायित्व परिषद्मा सर्नेछ र सो परिषद्मा कार्यरत कर्मचारीहरु यस ऐन बमोजिम परिषद्मा कायम रहनेछन् ।